कोशी प्रदेश

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

स्वास्थ्य कार्यालय,ओखलढुङ्गा

नेपाल


# मासिक जनस्वास्थ्य बुलेटिन


| | | | | |
|---|---|---|---|---|
| आ.व.: २०८२/८३ | बर्ष: पहिलो | अंक:२ | महिना : असार | प्रकाशित मिति:२०८३/०४/२५ |


## केस–बेस्ड सर्भिलेन्स अन्तर्गत कालाजार Screening कार्यक्रम

१

असार १ गते हिलेपानी, उबु तथा मानेभञ्ज्याङ क्षेत्रमा Case-Based Surveillance अन्तर्गत कालाजार रोगको Screening कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रमको उद्देश्य समुदायमा कालाजारका सम्भावित तथा पुराना केसहरूको खोजी गरी रोगको अवस्था पहिचान गर्नुका साथै समयमै परीक्षण, उपचार तथा आवश्यक व्यवस्थापनमा ल्याउनु रहेको थियो। उक्त Screening कार्यक्रमका क्रममा ५० जना व्यक्तिको कालाजारसम्बन्धी परीक्षण/स्क्रिनिङ गरिएको थियो। स्क्रिनिङका क्रममा ३ जना पुराना केसहरूमा परीक्षणको नतिजा पोजेटिभ देखिएको थियो। पहिचान भएका केसहरूलाई आवश्यक परामर्श प्रदान गरी थप उपचार तथा व्यवस्थापनका लागि सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वय गरिएको थियो।








Phone Number:9852841116 Facebook: स्वास्थ्य कार्यालय, ओखलढुङ्गा रुम्जाटार

**उत्कृष्ट कार्यसम्पादन गरेका स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको न्यूनतम सेवा मापदण्ड (HP MSS) सम्बन्धी अनुगमन तथा पारस्परिक अवलोकन**

**मानेभञ्ज्याङ गाउँपालिकाको थाक्ले स्वास्थ्य चौकी – ८ गते असार**



**सिस्नेरी स्वास्थ्य चौकी, सुनकोशी गाउँपालिका – ११ गते**



स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको न्यूनतम सेवा मापदण्ड (HP MSS) सम्बन्धी अनुगमन तथा पारस्परिक अवलोकन भ्रमण

**नारायणस्थान स्वास्थ्य चौकी, सिद्धिचरण नगरपालिका – ९ गते असार**



**मिश्र भञ्ज्याङ स्वास्थ्य चौकी, चम्पादेवी गाउँपालिका – १० गते असार**



# परिवार योजना सेवा सुदृढीकरणका लागि FP Micro Planning तथा DMT/MEC अभिमुखीकरण कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यालय, ओखलढुङ्गाको आयोजनामा मिति २०८३ साल असार १६ र १७ गते मोलुङ गाउँपालिकामा FP Micro Planning तथा DMT/MEC सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।कार्यक्रममा विगत ३ वर्षको परिवार योजना सेवासम्बन्धी तथ्यांक (New Users, Current Users, Discontinued Cases तथा Commodities Distribution) को विस्तृत विश्लेषण गरी सेवा प्रवाहको अवस्था समीक्षा गरिएको थियो। उक्त विश्लेषणका आधारमा स्थानीय आवश्यकता अनुरूप FP Micro Planning तयार गरिएको छ।साथै, स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मीहरूले हाल प्रयोगमा रहेका परिवार योजना रजिस्टर ल्याई सोही रजिस्टरमा सेवा विवरण सही, पूर्ण र एकरूपमा कसरी अभिलेखीकरण (Recording) गर्ने भन्ने विषयमा व्यवहारिक अभ्याससहित अभिमुखीकरण प्रदान गरिएको थियो।यसका अतिरिक्त Decision Making Tool (DMT) तथा Medical Eligibility Criteria (MEC) को प्रभावकारी प्रयोग, परिवार योजना सेवामा परामर्शको गुणस्तर अभिवृद्धि तथा सेवाग्राहीको आवश्यकता अनुसार उपयुक्त परिवार योजना विधि छनोट गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरिएको थियो।







## कालाजार नियन्त्रणका लागि सञ्चालित विषादी छिड्काउ (IRS) अभियानको अनुगमन तथा सफल समापन

कालाजार रोग नियन्त्रण तथा रोकथामलाई प्रभावकारी बनाउने उद्देश्यले मिति २०८३ जेठ १३ गतेदेखि मानेभञ्ज्याङ गाउँपालिकामा ३५ दिने विषादी छिड्काउ (Indoor Residual Spray–IRS) अभियान सञ्चालन गरिएको थियो। अभियान सञ्चालनकै क्रममा २०८३ असार ५ देखि ८ गतेसम्म स्वास्थ्य कार्यालय, ओखलढुङ्गाको टोलीद्वारा विषादी छिड्काउ कार्यको स्थलगत अनुगमन तथा अवलोकन सम्पन्न गरिएको थियो। अनुगमनका क्रममा राष्ट्रिय निर्देशिकाबमोजिम विषादी छिड्काउ कार्य सञ्चालन भए/नभएको, छिड्काउको गुणस्तर, सुरक्षा मापदण्डको पालना, आवश्यक सामग्रीको प्रयोग तथा अभिलेखीकरण लगायतका पक्षहरूको अवलोकन गरिएको थियो। साथै, विषादी छिड्काउ टोलीले अभियान सञ्चालनका क्रममा भोग्नुपरेका समस्या तथा चुनौतीहरू बारे छलफल गरी आगामी वर्ष अभियानलाई अझ प्रभावकारी बनाउन आवश्यक सुधारका क्षेत्र, सुझाव तथा कार्ययोजना सम्बन्धमा समेत अन्तरक्रिया गरिएको थियो।





कालाजार रोग नियन्त्रण तथा रोकथामलाई प्रभावकारी बनाउने उद्देश्यले जेठ १३ गते मानेभञ्ज्याङ गाउँपालिकाका वडा नं. ३, ५, ६, ७ र ८ मा विषादी छिड्काउ (Indoor Residual Spray–IRS) को पहिलो चक्र सञ्चालन गरिएको थियो । कालाजारको जोखिम न्यूनीकरण तथा रोगको संक्रमण फैलिन नदिन लक्षित क्षेत्रका घरधुरीमा राष्ट्रिय निर्देशिका तथा निर्धारित मापदण्डअनुसार किटनाशक विषादी छिड्काउ गरिएको थियो। अभियानअन्तर्गत लक्षित क्षेत्रका २,८२३ घर/कटेरा/गोठ तथा ७०८५ जनसंख्यामा विषादी छिड्काउ गर्ने लक्ष्य राखिएकोमा २,९६६ घर/कटेरा/गोठ तथा ७४३० जनसंख्यामा विषादी छिड्काउ सम्पन्न गरिएको थियो।





## स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता (सामाजिक परीक्षण) सम्बन्धी क्षमता विकास तालिम सम्पन्न

स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता (सामाजिक परीक्षण) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले २०८३ असार २१ र २२ गते आयोजित दुईदिने "स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता (सामाजिक परीक्षण) सम्बन्धी क्षमता विकास तालिम" सफलतापूर्वक सम्पन्न भयो। उक्त तालिममा स्थानीय तहका स्वास्थ्य संयोजक, सह–संयोजक, आधारभूत अस्पतालका प्रमुख/स्वास्थ्यकर्मी, प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी तथा HP-MSS मूल्याङ्कनमा पालिकाका उत्कृष्ट स्वास्थ्य संस्थाका प्रमुखहरू सहभागी हुनुहुन्थ्यो।

तालिममा मुख्य रूपमा:

- सामाजिक परीक्षणको अवधारणा, उद्देश्य तथा महत्व
- स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिताको अवधारणा र अभ्यास
- सामाजिक परीक्षणका चरणहरू तथा कार्ययोजना निर्माण प्रक्रिया
- सरोकारवालाको पहिचान तथा सहभागिता सुनिश्चित गर्ने विधि
- स्वास्थ्य संस्थाको अवलोकन तथा अभिलेख/रजिस्टरबाट सूचना संकलन प्रक्रिया
- अन्तरक्रिया तथा आमभेलामार्फत सूचना संकलनका विधिहरू
- सूचना प्रशोधन, विश्लेषण तथा प्रारम्भिक नतिजाको समीक्षा
- सामाजिक परीक्षण प्रतिवेदन तयारी, अनुगमन तथा मूल्याङ्कन
- सहजीकरण सीप तथा सामाजिक परीक्षणको व्यवहारिक अभ्यास

लगायतका विषयहरूमा विस्तृत प्रस्तुतीकरण, छलफल तथा व्यवहारिक अभ्यास सञ्चालन गरिएको थियो।






# खोपसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम

स्वास्थ्यकर्मीहरूको खोपसम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०८३ साल असार २१ र २२ गते आयोजित दुईदिने पुनर्ताजगी तालिम सफलतापूर्वक सम्पन्न भएको छ।

यस तालिममा मुख्य रूपमा:

- ✓ राष्ट्रिय खोप कार्यक्रमको परिचय, उद्देश्य, उपलब्धि तथा चुनौतीहरू
- ✓ खोपबाट बचाउन सकिने रोगहरू (VPDs)
- ✓ कोल्ड चेन तथा खोप व्यवस्थापन
- ✓ खोप सत्र सञ्चालन तथा सरसफाइ व्यवस्थापन
- ✓ छुट खोपको पहिचान तथा पूर्णखोप सुनिश्चितता
- ✓ VPD Surveillance तथा AEFI व्यवस्थापन
- ✓ सूक्ष्म योजना (Microplanning) तयारी प्रक्रिया
- ✓ खोप ऐन तथा नियमावली लगायतका विषयहरूमा विस्तृत प्रस्तुतीकरण, छलफल तथा व्यावहारिक अभ्यास गरियो।

यस तालिमले स्वास्थ्यकर्मीहरूको दक्षता अभिवृद्धि गर्दै गुणस्तरीय खोप सेवा प्रवाह तथा पूर्णखोप सुनिश्चितता अभियानलाई थप प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।




